# वेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमलिाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि राष्ट्रिय मानव अधिकार आयोगको राय

## २०७५ साउन २२

नेपाल सरकारले वेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ लाई संशोधन गर्न तयार गरेको विधेयकको मस्यौदामाथि यस आयोगको मिति २०७५।४।११ गतेको बैठकको निर्णयअनुसार नेपाल सरकारलाई पठाइएको राय ।

**(क) प्रस्तावित विधेयकमा दफावार राय देहाय बमोजिम रहेको छ :-**

१. प्रस्तावित विधेयकको क्र.सं. ३ को (२) अन्तर्गत मूल ऐनको प्रस्तावनाको तेश्रो अनुच्छेद सट्टामा प्रस्ताव गरिएको प्रस्तावनाको ‘‘छानबिन तथा अनुसन्धान गरी’’ भन्ने शब्दको पछि **‘‘पीडितलाई न्याय प्रदान गर्न’’** भन्ने शब्द थप गरिनु पर्दछ ।

२. प्रस्तावित विधेयकको क्र.सं. ५ को (१) को खण्ड (ङ) मा उल्लेख गरिएको ‘‘सहुलियत’’ भन्ने शब्दको पछि **‘‘त्यस्तो घटना नदोहोरिने सुनिश्चितता’’** शब्द थप गरिनु पर्ने ।

३. प्रस्तावित विधेयकको क्र.सं. ५ को खण्ड (४) को खण्ड (झ) मा उल्लेख गरिएको ‘‘परिपूरण तथा सम्पति फिर्ता’’ पछि **‘‘र क्षतिपूर्ति तथा राहत वा अन्तरिम राहत’’** भन्ने शब्द थप गरिनु पर्ने ।

४. प्रस्तावित विधेयकको क्र.सं. ५ को खण्ड (झ१) को खण्ड (१) मा को सट्टा **‘‘अपहरण तथा शरीर बन्धक बनाई व्यक्ति वेपत्ता पारेको बाहेकका घटना’’** भनी उल्लेख गरी खण्ड (४) पछि निम्न व्यवस्था भएको खण्ड ५ र ६ समावेश गर्ने ।

**(५) सामान्य शारीरिक तथा मानसिक क्षति**

**(६) सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग**

५. प्रस्तावित विधेयकको क्र.सं. ५ को (६) को खण्ड (ञ) को खण्ड ४ को (१) को सट्टामा **‘‘हत्या’’** र (२) को सट्टामा **‘‘जबर्जस्ति बेपत्ता**’’ बनाई ४ पछि ५ र ६ थप गर्ने

**(५) अपहरण तथा शरीर बन्धक गरी बेपत्ता**

**(६) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरित गम्भीर किसिमका अमानवीय कार्य वा मानवता विरुद्धका अन्य अपराध ।**

६. प्रस्तावित विधेयकको क्र.सं. ७ को (१३)१ को खण्ड (ट) मा रहेको ‘‘वातावरण सिर्जना गर्नको लागि’’ भन्ने शब्दको पछि **‘‘मानव अधिकार र संक्रमणकालीन न्यायका मान्य मापदण्ड अनुकुल हुनेगरी’’** भन्ने शब्द थप गर्ने ।

७. प्रस्तावित विधेयकको क्र.सं. ७ को (१३)१ को खण्ड (ड) मा रहेको ‘‘पीडा तथा क्षतिका’’ भन्ने शब्दको पछि **‘‘सम्बोधन गरी सो ’’** भन्ने शब्द थप गर्ने ।

८. प्रस्तावित विधेयकको क्र.सं. ७ को (१३)२ को ''सम्बन्धित विषयमा'' पछि **''अदालतबाट आदेश भई वा राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भई प्रहरीमा अनुसन्धान भइरहेका उजूरीहरू बाहेक''** भन्ने शब्द थप गर्ने ।

९. प्रस्तावित विधेयकको क्र.सं. ७ को १३(४) को ''प्रयोजनको लागि'' भन्ने शब्दको पछाडि **''सम्बन्धित पीडितको सहमति भएमा''** भन्ने शब्द थप गर्ने ।

१०. प्रस्तावित विधेयकको क्र.सं. ७ को १३(७) को ''आयोगले'' भन्ने शब्दको पछि **''सम्बन्धित पीडितले अनुरोध गरेमा''** भन्ने शब्द थप गर्ने ।

११. प्रस्तावित विधेयकको क्र.सं. ७ को १३(८) को ''राष्ट्रिय मानव अधिकार आयोगले'' भन्ने शब्दको पछि **''सम्बन्धित पीडितले लिखित रुपमा माग गरेको पर्याप्त आधार देखेमा''** भन्ने शब्द थप गर्ने ।

१२. प्रस्तावित विधेयकको क्र.सं. ७ को १३(९) को ''सत्य अन्वेषण'' शब्दकोको सट्टा **''सत्य अन्वेषण हुन नसकेका''** भन्ने शब्द राखी ***''छानबीन तथा अनुसन्धान लगायतका''*** *शब्द हटाई* ''यस ऐन बमोजिमका'' पछि **''परिपूरणको लागि''** भन्ने शब्द थप गरी पीडितको मर्यादित र सम्मानजनक परिपूरण प्राप्तिको अधिकारको सुनिश्चितता गर्ने व्यवस्था गर्न ।

१३. प्रस्तावित विधेयकको क्र.सं. ७ को १३(१०) को ''कागजात, प्रमाण वा विवरण पछि'' पछि मानव अधिकार आयोगको हकमा ''**सत्य अन्वेषण वा परिपूरणको लागि**'' भन्ने शब्द थप गर्ने ।

१४. प्रस्तावित विधेयकको क्र.सं. ७ को १३(११) को ''राष्ट्रिय मानव अधिकार आयोग'' शब्दको पछि **''ले सत्य अन्वेषण र परिपूरणको लागि सहयोग हुने देखेमा''** भन्ने शब्द थप गरि ''उपलब्ध गराउनु पर्नेछ'' को सट्टा **''उपलब्ध गराउन सक्नेछ''** बनाउने ।

१५. प्रस्तावित विधेयकको क्र.सं. १२ को २ मा उल्लेख गरिएको *''राष्ट्रिय मानव अधिकार आयोग''* भन्ने शब्द हटाई ''स्थनीय तहको समेत सहयोग'' पछि **''र राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनमा''** गर्ने भनी उल्लेख गर्ने ।

१६. प्रस्तावित विधेयकको क्र.सं. १४ को (५) दफा २३क को ५ मा रहेको ''गराउनु पर्नेछ'' भन्ने शब्द पछि **''यथाशीघ्र परिपूरण उपलब्ध नगराएमा राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित पदाधिकारी वा व्यक्तिलाई कानुन बमोजिम कारवाहीको लागि लेखी पठाउन सक्नेछ''** भनी थप गर्ने ।

१७. प्रस्तावित विधेयकको क्र.सं. १५ को ५ को ''मन्त्रालयले त्यस्तो आदेशको कार्यान्वयन'' भन्ने शब्दको पछि **''तीन महिना भित्र''** भन्ने शब्द थप गर्नुपर्ने ।

१८. प्रस्तावित विधेयकको क्र.सं. १७ को ३ मा उल्लेखित "घटनाको गम्भीरता समेतलाई विचार गर्दा" भन्ने शब्दको पछि **"मानव अधिकार र संक्रमणकालीन न्यायका सिद्धान्त प्रतिकुल नहुने भएमा"** भन्ने शब्द थप गर्ने ।

१९. प्रस्तावित विधेयकको क्र.सं. १७ को ४ मा उल्लेखित "अन्य कार्यमा" भन्ने शब्दको पछि **"मात्र"** भन्ने शब्द थप गर्ने ।

२०. प्रस्तावित विधेयकको क्र.सं. १७ को ७ मा उल्लेखित "प्रकृया अवलम्बन गर्न सकिनेछ" भन्ने शब्दको सट्टा **"गरिनेछ'** भन्ने शब्द राख्ने ।

२१. प्रस्तावित विधेयकको क्र.सं. १८ को (२ख) मा उल्लेखित "राष्ट्रिय अभिलेखालय" पछि **"र राष्ट्रिय मानव अधिकार आयोग"** भन्ने शब्द थप गर्ने ।

२२. प्रस्तावित विधेयकको परिच्छेद ४क को  ३०ख मा उल्लेखित " मानव अधिकार उल्लंघनका अन्य कार्य सँग सम्बन्धित मुद्दा" पछि **"पीडितको अनुमति भएमा"** शब्द थप गरी "स्वतः सरेको मानिनेछ" भन्ने शब्दको सट्टा **"सर्न सक्नेछ"** भन्ने शब्द राखी मिलाउने ।

२३. प्रस्तावित विधेयकको परिच्छेद ४क को ३०ग मा उल्लेखित "धरौट, जमानत लिने वा तारेखमा राख्ने" को सट्टा **"पुर्पक्ष, धरौट, जमानत लिने वा तारेखमा राख्ने"** भनी मिलाउने । र "विशेष अदालतले निज" भन्ने शब्दको पछि **"लाई पुर्पक्षमा राख्ने वा निजसँग"** भनी मिलाउने ।

२४. प्रस्तावित विधेयकको परिच्छेद ४क को ३०झ(१) मा उल्लेखित 'अन्तर्राष्ट्रिय अभ्यास" पछि **"फौजदारी न्यायका आधारभूत सिद्धान्त"** भन्ने शब्द थप गर्ने ।

२५. प्रस्तावित विधेयकको परिच्छेद ४क को ३०झ(२) मा उल्लेखित 'लागू हुने छैन" को सट्टा **"आधारभूत व्यवस्थामात्र लागू हुनेछ"** भनी संशोधन गर्ने ।

२६. प्रस्तावित विधेयकको परिच्छेद ४क को ३०झ(३) को खण्ड (घ) मा उल्लेखित "सामुदायिक सेवा गर्नुपर्ने" को पछि **" र त्यस्तो स्थानहद तोक्दा अदालतले पीडितसँग समन्वय गर्नु पर्नेछ"** भन्ने शब्द थप गर्ने ।

२७. प्रस्तावित विधेयकको परिच्छेद ४क को ३०झ (३) को खण्ड (घ) पछि (ङ) थप गर्ने ।

**(ङ) उपखण्ड (घ) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि मानव अधिकारको गम्भीर उल्लंघनको ठहर भएका व्यक्तिको हकमा प्रचलित कानुनमा उल्लेख भएको कम्तिमा २५ प्रतिशत सजाय भुक्तान गरेको हुनु पर्नेछ ।**

२८. प्रस्तावित विधेयकको परिच्छेद ४क को ३०ठ(३) मा उल्लेखित "पर्न आएमा" को पछि **"सम्बन्धित जिल्ला"** भन्ने शब्द थप गर्ने ।

२९. प्रस्तावित विधेयकको क्र.सं. २४ को (१) मा थप गरिएको "लैङ्गिक विज्ञ, जनसम्पर्क तथा सञ्चार विज्ञ" पछि **"र मनोविमर्शविज्ञ"** भन्ने शब्द थप गर्ने ।

३०. प्रस्तावित विधेयकको क्र.सं. २७ को ४०क(१) को "उजूर लाग्ने छैन" पछि **"तर मानव अधिकार उल्लंघनका सम्बन्धमा यस अघि राष्ट्रिय मानव अधिकार आयोग वा अदालतमा दर्ता भइ पीडितबाट यस आयोगमा लैजानको लागि अनुमति नभएका उजूरीको हकमा सोही बमोजिम हुनेछ ।"** भन्ने शब्द थप गर्ने ।

३१. प्रस्तावित विधेयकको क्र.सं. २७ को दफा ४०क(२) को "उल्लिखित घटनाको सम्बन्धमा" पछि **"राष्ट्रिय मानव अधिकार आयोगमा दर्ता भई कारवाहीमा रहेका र आयोगबाट निर्णय तथा सिफारिस भइसकेका उजूरी र"** सन्दर्भमा पनि लागू नहुने विषय थप गरिनु पर्ने ।

३२. प्रस्तावित विधेयकको परिच्छेद ४क को ३०झ को (१३) मा गरिएको व्यवस्था, सर्वोच्च अदालत बाहेकका अन्य अदालत, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल प्रहरीमा चलेका मुद्दाहरूमा/उजुरीहरुको सर्न्दभमा गरिएको व्यवस्था सँग बाझिएको अवस्था छ । प्रस्तावित व्यवस्थाले एउटै विषयमा राज्यका सबै निकाय बीच समान व्यवहार गर्न नसकेको । सैनिक अदालतबाट टुंगो लागेका मुद्दा अन्तिम हुने तर आयोग र अन्य निकायबाट सिफारिस भएका मुद्दा अन्तिम हुन नसक्ने
प्रस्तावित विधेयकको व्यवस्थामा यस आयोगको गम्भीर चासो रहेको हुँदा सो विषयमा मानव अधिकार सम्मत सम्बोधन हुन ।

३३. प्रस्तावित विधेयकको परिच्छेद ४क को दफा ३०ठ (१) को मुद्दा फिर्ता लिने सम्बन्धमा उल्लेख गरिएको "राजनीतिक कारण" निर्धारण गरिने सम्बन्धमा न्यायका आधारभूत सिद्धान्त अनुकुल स्पष्टरुपमा र खण्डिकृत परिभाषा अनिवार्य रुपमा ऐनमा नै समावेश गरिनु पर्ने ।

३४. प्रस्तावित विधेयकका क्र.सं. २५ को ३२ग को (१) मा उल्लेख गरिएको **"सशस्त्र द्वन्द्वरत पक्ष"** को स्पष्ट परिभाषा गरिनु पर्ने ।

३५. प्रस्तावित विधेयकको क्र.सं. २५ को ३२ग को (२) मा उल्लेख गरिएको व्यवस्थाले जबर्जस्ति वेपत्ता र यातना जस्ता मानव अधिकारका गम्भीर उल्लंघनका घटनाहरूलाई कसरी सम्बोधन गर्न सक्छ भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरिनु पर्ने ।

३६. प्रस्तावित संशोधनमा पीडितका न्याय सम्बन्धी आधारभूत अधिकारहरु भनी सो सम्बन्धमा छुट्टै दफामा उल्लेख गरिनु उपयुक्त हुने ।

**(ख) नीतिगत रुपमा आयोगको थप राय देहाय बमोजिम रहेको छ: -**

३७. नेपालको संविधानको धारा २४९ को उपधारा (१) ले मानव अधिकारको सम्मान संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुने भनी स्पष्ट रुपमा संवैधानिक दायित्व तोकेको सन्दर्भमा प्रस्तावित विधेयकबाट आयोगमा रहेका मानव अधिकार उल्लंघनसम्बन्धी उजूरीहरू समेत संक्रमणकालीन संयन्त्रमा सर्ने गरी गरिएको व्यवस्था संविधानसँग बाझिन गएको देखिँदा यस विषयमा गम्भीरता पूर्वक पुनर्विचार गर्न ।

३८. मूल ऐनमा भएको 'बेपत्ता पार्ने कार्य'' को परिभाषा संशोधित विधेयकबाट हटाइएको सन्दर्भमा बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको महासन्धि, २००६ अनुरुप बेपत्ता र यातना विरुद्धको महासन्धि, १९८४ अनुरुप यातनाको परिभाषा अनिवार्य रुपमा गरी त्यस्ता कार्यलाई फौजदारी कानुनको क्षेत्राधिकारभित्रको विषय बनाइनु अति आवश्यक भएको ।

३९. मानव अधिकारको गम्भीर उल्लंघन ठहर भएका मुद्दाहरूमा कुनैपनि अवस्थामा क्षमा दिन नसकिने विषय उल्लेख गरिनु पर्ने ।

४०. निश्चित समय सिमा भित्र आयोगले गरेका सिफारीसहरूको कार्यान्वयन सुनिश्चित हुने व्यवस्था ऐनमा नै गर्नु पर्ने ।

४१. संक्रमणकालीन न्यायलाई सम्बोधन गर्न गठित संयन्त्रहरू प्रति पीडितको विश्वास जगाउने अवस्था सिर्जना गर्ने सम्बन्धी व्यवस्था समावेश हुनु पर्ने ।

४२. विशेष अदालत र सरकारी वकील कार्यालयमा पनि संक्रमणकालीन न्यायसँग सम्बन्धित मुद्दाहरूमा सम्बोधन गर्नको लागि यथाशक्य सक्षम महिला जनशक्तिको व्यवस्था गर्ने सम्बन्धी व्यवस्था गर्नु पर्ने ।

४३. संक्रमणकालीन दुवै आयोगहरूबीचको समन्वय र सहकार्यको विषय उल्लेख गरिनुपर्ने ।

४४. सशस्त्र द्वन्द्व पुनः नदोहोरिने सुनिश्चितताको लागि सो सम्बन्धी निति, ऐन र संस्थागत सुधारको लागि आवश्यक सिफारिस गर्ने व्यवस्था ऐनमा समावेश गर्ने ।

**(ग) प्रस्तुत राय दिनु भन्दा पहिले यस आयोगबाट प्रस्तुत गरिएका तपसिलमा उल्लेख गरिए बमोजिमका विषयहरूलाई पनि उचित सम्बोधन हुन ।**

४५. संक्रमणकालीन न्याका सम्बन्धमा यस आयोगले मिति २०६५।९।११ गतेको निर्णय बमोजिम आयोगबाट नेपाल सरकारलाई पठाइएका सुझावहरू ।

४६. संक्रमणकालीन न्यायका सम्बन्धमा आयोगले निर्णय गरि वि.सं. २०६८ साल साउनमा सार्वजनिक गरेको धारणा ।

४७. यस आयोगले मिति २०६९।१२।१९ गते दिएका सुझावहरू ।

**२०७५ साउन २२**

४८. गम्भीर प्रकृतिका मुद्दाहरू फिर्ता लिने सन्दर्भमा आयोग र संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपालले जुन २०११ मा सार्वजनिक गरेको धारणा र

४९. नेपालको संक्रमणकालीन न्यायको वर्तमान अवस्था सन्दर्भमा मिति २०७४।१०।२२ गते यस आयोगले सार्वजनिक गरेको धारणा ।

C